का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ भदौ २०८०,
सोमबार
11 September 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २२८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# बहुचर्चित मुद्दामा आरोपितलाई राहत



## कोसँग कति धरौटी माग ?

| | |
|---|---|
| मीनबहादुर गुरुङ | २ करोड ४६ लाख |
| कलाधर देउजा | १५ लाख |
| विनोद पौडेल | १५ लाख |
| रुद्र कुमार श्रेष्ठ | ७ लाख ५० हजार |
| बालकृष्ण श्रेष्ठ | ७ लाख ५० हजार |
| घमन कुमार कार्की | ७ लाख ५० हजार |
| गोपाल कार्की | ७ लाख ५० हजार |
| सञ्जय कुमार महर्जन | १ लाख १० हजार |
| योगराज पौडेल | ७ लाख ५० हजार |
| नारायणराज मिश्र | ७ लाख ५० हजार |
| अरुण कुमार श्रेष्ठ | ७ लाख ५० हजार |
| लोकरी घिमिरे | ७ लाख ५० हजार |
| ध्रुव प्रसाद अर्याल | ३ लाख ३० हजार |
| शिवजी भट्ट | ३ लाख ३० हजार |
| बाबुराजा महर्जन | १ लाख १० हजार |
| देवनारायण महर्जन | १ लाख १० हजार |
| सकलानन्द महर्जन | १ लाख १० हजार |
| केशव तुलाधर | साधारण तारेखमा रिहा |

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २४ भदौ ।

ललिता निवास प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ परेकाहरु धरौटीमा छुटेका छन् । आइतबार जिल्ला अदालत काठमाडौंले थुनामा रहेका १८ जनामध्ये एक जनालाई अदालतले साधारण तारेखमा रिहा गर्न आदेश गरेको हो भने बाँकी १७ जनालाई धरौटीमा रिहा गर्न आदेश दिएको हो ।

जिल्ला अदालत काठमाडौंमा न्यायाधीश भोलानाथ ढकालको इजलास यस्तो आदेश दिएको हो ।

यससँगै ललिता निवास प्रकरणमाथिको लामो अनुसन्धान र त्यसउपरको मुद्दा टुंगो लागेको छ । पूर्वप्रधानमन्त्रीसमेतको संलग्नताको आशंकामा सीआईबीबाट भएको संगठित अपराधमा भएको अनुसन्धान किर्तेमा परिणत हुँदा बहुचर्चित मुद्दामा आरोपितहरुले राहत पाएको कतिपयको टिप्पणी छ ।

*पूर्वप्रधानमन्त्री समेतको संलग्नताको आशंकामा सीआईबीबाट भएको संगठित अपराधमा भएको अनुसन्धान किर्तेमा परिणत हुँदा बहुचर्चित मुद्दामा आरोपितहरुले राहत पाएको कतिपयको टिप्पणी छ ।*

सीआईबीले पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र डा.बाबुराम भट्टराईको साक्षी कागज गराएको थियो । काठमाडौं जिल्ला अदालतले साविक मुलुकी ऐन, २०२० किर्ते कागजको नम्बर १ र २ ले परिभाषित कसूर प्रतिवादीहरुले गरेको भनि मागदाबी लिएको पाइएकाले ललिता निवास जग्गा घोटाला प्रकरणमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम प्रतिवादीहरुलाई थुनामा पठाउन नमिल्ने ठहर गरेको हो ।

प्रतिवादीहरुलाई बिगो बापतको निकै ठुलो रकम मूल्यांकन गरी जग्गा फिर्ता गरी क्षतिपूर्तिसमेत दिलाउन माग गरिएको विषयमा विचार गर्दा वादीवादीबीचको जग्गाहरु मुद्दाको अनुसन्धानको सिलसिलामा केन्द्रीय अनुसन्धान ब्युरोले मालमोत कार्यालय डिल्लीबजारमा पत्राचार गरेर रोक्का भइसकेको अवस्थामा जग्गा फिर्ता गर्ने प्रयोजनका लागि पछि ठहर बमोजिम नै हुने भएकाले त्यसतर्फ विचार गर्नुनपरेको अदालतको आदेशमा उल्लेख छ ।

विभिन्न मितिका मन्त्रीपरिषदका निर्णयहरु, प्रतिवादीहरुले अनुसन्धानको क्रममा तथा यस अदालतमा गरेको बयान, मौकामा बुझिएका मुकुन्द प्रसाद पन्त, युवराज कोइराला, नवराज सुवेदीसमेतले घटनाविवरण कागजसमेतका मिसिलसंलग्न मिसिल संलग्न तत्कालप्राप्त आधा र प्रमाणहरुबाट प्रतिवादीहरु निर्दोष रहेछन् भन्ने अवस्था नदेखिएको पनि अदालतको ठहर छ । तर, ठूलो रकम धरौटी माग गरिएमा अभियुक्त सो धरौटी राख्न नसकी थुनामा नै जानु पर्ने अवस्था नहोस् भनि धरौटी वा जमानत माग गर्नुपर्ने देखिन आएको अदालतको आदेशमा उल्लेख छ ।

'अब, यी प्रतिवादीहरुको कसूरमा संलग्नता समेतलाई विचार गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ को समेत आधार लिई सोही दफा ६८ बमोजिम प्रतिवादीहरुलाई हुन सक्ने सजाय समेतलाई आधारमानी के कति धरौटी वा दफा ६९ नम्बर बमोजिम तारेखमा राखी कारवाही गरिनु पर्ने हो ? भन्ने सम्बन्धमा अपराधको प्रकृति, माग गरेको अंक र मात्रालाई मात्र आधार मानी आरोपित व्यक्ति वा कसूरको समग्र हैसियत भन्दा बढी अंक तोकी धरौटी वा जमानत मागे त्यसबाट ऐनले थुनामा नै बसी पूर्पक्ष गर्नु पर्ने अवस्था पर्दछ र धरौटी वा जमानतको व्यवस्था निस्प्रयोजन हुनुको साथै कानूनको विधायकी मनसाय र न्यायको मान्य सिद्धान्तको विपरित हुन जान्छ' अदालतले भनेको छ, 'कसूरदारको हैसियत अर्थात, उसको पारिवारिक स्थिति र आर्थिक अवस्थाले नभ्याउने प्रकृतिको धरौटी अंक तोक्नु धरौटी वा जमानत माग गर्न इन्कार गरे सरह हुन जान्छ र परिणाममा प्रतिवादीहरुलाई थुनामा राख्न आदेश गरे सरह हुन पुग्दछ । धरौटी वा जमानत माग्नुको अर्थ अदालतले खोजेको वखत निजको उपस्थिति पाउनु हो । त्यसकारण तारेख गुजारी बसेमा धरौटी जफत हुने गरी कानूनले व्यवस्था गरेको छ । हाम्रो विद्यमान कानूनी व्यवस्था र प्रतिवादीहरुको आर्थिक अवस्था, उमेर, शारीरिक स्थिति, कसूरमा साबिती, निजहरुउपरको अभियोगदावी समेतका आधारमा पृष्ठ २ मा

**सम्पत्ति शुद्धीकरणमा नेपाल**

# जोखिमबाट जोगिन एक वर्षे अवधि

सरकारले गत माघमै सहकारी ऐन, मालपोत ऐन, धितोपत्र ऐन, पर्यटन ऐनलगायत १९ वटा ऐन संशोधनका लागि प्रतिनिधि सभामा पेस गरेको छ । यी संशोधित ऐन पारित भएसँगै नेपाल सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमको सूचीमा पर्ने सम्भावना केही हदसम्म टर्नेछ ।




**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २४ भदौ ।

नेपाल सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमको सूचीमा पर्ने सम्भावना तत्कालका लागि धकेलिएको छ । एसिया प्रशान्त समूह (एपिजी)ले जोखिमबाट जोगिन नेपाललाई एक वर्षे अवसर प्रदान गरेको छ ।

एपिजीले सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा नेपालको कमी कमजोरी औंल्याउँदै सुधार गर्न एक वर्षको अवधि दिएको हो । एपिजीले सार्वजनिक गरेको तेस्रो पारिस्परिक मुल्यांकन प्रतिवेदनअनुसार नेपालको नतिजा कमजोर देखिएको छ ।

प्रतिवेदनले केही सुधारका उपाय सुझाएको छ । ती सुझाव कम्तिमा एक वर्षमा पूरा गर्नुपर्ने हुन्छ । फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ) ले सम्पत्ति शुद्धीकरण निरूत्साहनका लागि गर्नुपर्ने काम भनेर ४० वटा सुझाव दिएको थियो । तीमध्ये नेपालबाट कुन कुन सुझाव पालना भयो भन्ने एपिजी प्रतिवदेनमा उल्लेख छ । प्रतिवेदनअनुसार नेपालले ४० मध्ये २१ वटा सुझाव मात्र पालना गरेको छ ।

गत पुसमा नेपाल भ्रमणमा आएका एपिजी र एफएटिएफका प्रतिनिधिले यो प्रतिवेदन तयार पारेको हो । एफएटिएफका ४० सुझावमध्ये २० वा त्योभन्दा बढी पालना नगरेको वा आंशिक मात्र पालना गरेको मुलुकलाई निगरानी दायरामा राखिन्छ । निगरानी दायरामा रहेका वा उच्च जोखिममा परेका मुलुकको सुधार प्रक्रिया अन्तर्राष्ट्रिय साझेदार पुनमुल्यांकन समूहले अनुगमन हेर्छ ।

छ वटा सुझाव निकै महत्वपूर्ण मानिएको छ, जसलाई 'बिग सिक्स' भनिन्छ । तीमध्ये कम्तिमा तीन सुझाव पालना नभएको वा आंशिक मात्र भएको अवस्थामा निगरानीमा परिन्छ । नेपालले चारवटा सुझाव पालना गरेको छ । एफएटिएफले हालै ल्याएको नयाँ प्रभावकारिता मुल्यांकनमा पनि नेपाल कमजोर देखिएको छ । प्रभावकारिता मुल्यांकनका ११ सर्तमध्ये नेपालले सातवटामा न्यून र बाँकी तीनमा मध्यम स्तर प्राप्त गरेको छ । यो नयाँ नियम भएकाले यसमा कमजोर हुँदा कस्तो कारबाही हुन्छ भन्ने हालसम्म सार्वजनिक भएको छैन । एपिजी प्रतिवेदनले ४० सुझाव पालनाका सम्बन्धमा नेपालबाट भएका करिब दुई सय कैफियत पनि उल्लेख गरेको छ ।

आवश्यक कानुन कार्यान्वयन गर्नुपर्ने, ठूला आपराधिक समूह तथा राजनीतिक संरक्षण पाएकाहरूमाथि अनुसन्धान र कारबाही हुनुपर्ने, सहकारी, बैंक तथा वित्तीय संस्था लगायतमा यो नियम पालनाका लागि क्षमतावान जनशक्ति व्यवस्था गर्नुपर्ने निष्कर्ष प्रतिवेदनको छ ।

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीसहित ३० सदस्यीय टोली गत असार २४ देखि २९ सम्म क्यानडाको भ्यानकुभरमा आयोजित एसिया प्रशान्त समूह (एपिजी) को वार्षिक बैठकमा सहभागी भएको थियो। बैठकमा नेपालले सम्पत्ति शुद्धीकरण दुरूपयोग रोक्न भइरहेका कानुन निर्माण र संशोधनबारे जानकारी गराएको थियो ।

नेपालले गत माघमै सहकारी ऐन, मालपोत ऐन, धितोपत्र ऐन, पर्यटन ऐन लगायत १९ वटा ऐन संशोधनका लागि प्रतिनिधिसभामा पेस गरेको छ । यी संशोधित ऐन पारित भएसँगै जोखिम केही हदसम्म टर्नेछ ।

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारमा पठाउने भन्दै लाखौं ठग्ने पाँच पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ भदौ

प्रहरीले विभिन्न युवालाई आकर्षक तलब सुविधाको वैदेशिक रोजगारमा पठाउने भन्दै लाखौं रकम ठगी गर्ने पाँच जनालाई पक्राउ गरेको छ । निशान खड्कालाई वैदेशिक रोजगारीको लागि टर्की पठाइदिन्छु भनी २ लाख ५० हजार रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले कैलाली लम्किचुहाका चित्रबहादुर मगरलाई पक्राउ गरेको हो । कैलाली लम्कीचुहाका मगरलाई प्रहरीले सिनामंगलबाट पक्राउ गरेको हो ।

त्यसैगरी बलराम थापामगरसमेत तीन जनालाई वैदेशिक रोजगारीको लागि कुवेत पठाइदिन्छु भनी १७ लाख रुपैयाँ ठगी गरेको आरोपमा धादिङ ज्वालामुखीका राजकुमार लामिछानेलाई पक्राउ गरेको छ । स्थानीय युवाबाट ठूलो परिणाममा रकम उठाएर सम्पर्कविहीन भएका लामिछानेलाई प्रहरीले राजधानीको मिनभवनबाट पक्राउ गरेको हो ।

त्यस्तै राजभक्त रानाभाटलाई वैदेशिक रोजगारीको लागि फ्रान्स पठाइदिन्छु भनी १४ लाख रुपैयाँ ठगी गरेको अभियोगमा स्याङ्जा वालिङका बीरबहादुर गुरुङलाई पनि प्रहरीले पक्राउ गरेको छ । रकम लिएपछि फरार भएका गुरूङलाई राजधानीको सुकेधाराबाट पक्राउ गरेको प्रहरीले बताएको छ । त्यसैगरी सामाजिक पृष्ठ २ मा

## कुवेतमा अलपत्र महिलाको उद्धार गर्न ध्यानाकर्षण




**ओबराज शाही / मध्यान्ह**
हुम्ला, २४ भदौ

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन हुम्लाले कुवेतमा अलपत्र महिलाको उद्धार गर्न माग राख्दै जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री कार्यालय, गृह पृष्ठ २ मा

# कोशीमा राप्रपाले थापेको दाउ

एमाले नेतृत्वको सरकारलाई समर्थन गरेको राप्रपाले मन्त्री पठाएको छैन । विश्वासको मत नदिए आफ्नै नेतृत्वको सरकार बनाउन वातावरण बनाउने राप्रपाको दाउ छ । नभए मध्यावधिका लागि तयार हुन राप्रपाको सन्देश छ ।




**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २४ भदौ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपा तत्काल कोशी प्रदेश सरकारमा नजाने भएको छ । राप्रपा अध्यक्ष राजेन्द्र लिङदेन आफूहरु सरकारमा नजाने बताउँछन् । 'राप्रपा अहिले सरकारमा जाँदैन, समर्थन मात्र गर्छ' उनले भने ।

राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाही एमाले नेतृत्वको सरकारले विश्वासको मत लिँदा दिने वा नदिने विषयमा पार्टी आन्तरिक छलफलमा रहेको बताउँछन् ।

'अहिले समर्थन गर्ने सरकारमा नजाने निर्णय छ । विश्वासको मत लिँदा दिने वा नदिने विषयमा पृष्ठ २ मा

विश्वासको मत दिने वा नदिने विषयमा निर्णयमा पुगिसकेका छैनौं । र, अन्य कुनै पनि विषयमा कुनै पनि दलसँग भद्र सहमति छैन ।

**ज्ञानेन्द्र शाही**
प्रमुख सचेतक, राप्रपा

# ‘सार्क एजुकेसन अवार्ड २०२३’ बाट कैलालीका भट्ट सम्मानित

**ईश्वर जैसी/मध्यान्ह**
कैलाली, २४ भदौ

कैलालीको पायोनियर स्कलर्स एकेडेमीका प्रिन्सीपल कुल प्रसाद भट्ट प्रथम ‘सार्क एजुकेसन अवार्ड २०२३’ बाट सम्मानित भएका छन् ।

ग्रामीण क्षेत्रमा रहेपनि शैक्षिक गतिविधिमा महत्वपूर्ण भूमिका निवार्ह गरेको भन्दै उनलाइ ‘सार्क एजुकेसन अवार्ड २०२३’ प्रदान गरिएको हो । ‘सार्क जर्नालिष्ट फोरम’ र ‘रोटरी क्लब अफ दार्जिलिङ’को सहकार्यमा शनिबार भारतको पश्चिम बङ्गाल स्थित सेन्ट जोसेफ स्कुल नर्थ प्वाइन्टमा आयोजित ‘सार्क एजुकेसन अवार्ड २०२३’ बाट नेपाल, भारत र भुटानका शिक्षासेवी र शैक्षिकसंस्था सम्मानित भएका हुन् ।



दक्षिण एसियाली राष्ट्रमा सामुदायिक र संस्थागत विद्यालयहरुमा रहि शैक्षिक क्षेत्रमा खेलेको महत्वपूर्ण भूमिकाको कदर गर्दै योगदान, नवप्रवर्तन, उत्कृष्टता, समर्पण र सृजनात्मकता विधामा अवार्ड वितरण गरिएको हो ।

नेपालबाट सम्मानित हुनेमा कैलालीको घोडाघोडी-१०, पहलमानपुरमा रहेको पायोनियर स्कलर्स एकेडेमीका प्रिन्सीपल कुल प्रसाद भट्ट, हिमालय कलेजका प्रिन्सिपल रामहरि सिलवाल, जेम्स स्कुलका प्रिन्सिपल अनिलचन्द्र राई, सेन्ट जेभियर्स स्कुलका प्रिन्सिपल फादर स्यामुअल सिमिक, प्रेरणा विद्यासदनका प्रिन्सिपल हीरा महर्जन, विद्यालयमा पठन संस्कृतिका अभियन्ता शरदबाबु श्रेष्ठ, प्याब्सनका उपाध्यक्ष संगीता सिलवाल, ऐसेलु भूमे माध्यमिक विद्यालय व्यवस्थान समितिका अध्यक्ष नन्दराम न्यौपाने रहेका छन् भने, त्यस्तै, भारतबाट सेन्ट पल स्कुलका पिटर लेप्चा, इटन गार्डेन स्कुल, द टेलिग्राफ पत्रिकाका सहसम्पादक विवेक क्षेत्री र सेन्ट जोसेफ स्कुल भूटानबाट लोसेल ग्याष्ट्रो एकेडेमीका पिन्सिपल छिरिङ डिमा रहेका छन् ।

## बहुचर्चित...

हुन सक्ने सजाय लगायतको विषयलाई बिचार गरी मनासिव रकमसम्म धरौटी वा जमानत माग्नु न्यायोचित हुन जान्छ । यदि ठूलो रकम धरौटी माग गरिएमा अभियुक्त सो धरौटी राख्न नसकी थुनामा नै जानु पर्ने अवस्था नहोस् भनि धरौटी वा जमानत माग गर्नुपर्ने देखिन आयो ।’

अदालतले भाटभटेनी सुपरमार्केटका सञ्चालक मीन बहादुर गुरुङसँग भने २ करोड ४६ लाख रुपैयाँ धरौटी माग गरेको छ ।

प्रहरीको अनुसन्धानका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीन मन्त्रीसहित १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिसकेको छ ।

भौतिक योजना र भूमिसुधार मन्त्रालयका तात्कालिक सचिवहरू दीपकुमार बस्न्यात, छविराज पन्त र दिनेशहरि अधिकारीविरुद्ध पनि आयोगले विशेष अदालतमा दायर गरेको मुद्दा विचाराधीन छ । यसअघि समेत भाटभटेनी सुपर मार्केटका सञ्चालक गुरुङविरुद्ध पनि करिब ४० करोड रुपैयाँ बिगो दाबीसहित मुद्दा दायर भएकोमा उनी धरौटीमा रिहा भएका थिए र व्यक्तिका नाममा दर्ता गरिएको सरकारी जग्गाका जग्गाधनी, मोही र बकसपत्र लिनेहरूसहित ६५ जनालाई पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाएको थियो ।

कतिपयले सिआइबीको अध्ययनले अख्तियारको अनुसन्धानले छुटाएका राजनीतिक व्यक्ति तानिने आशंका गरेका थिए । मालपोतका खरिदारदेखि प्रधानमन्त्रीसम्मको मिलेमतोको आशंका गरिएता पनि कम सजाय हुने किर्ते कसुरमा मात्र मुद्दा चलाइएर त्यस अनुसार फैसला भएको हो । संगठित अपराधमा समेत मुद्दा चलाउन सीआईबीले गरेको सिफारिसलाई पन्छाउँदै सरकारी वकिल कार्यालयले प्रतिवादीलाई तीन वर्षसम्म मात्रै सजाय हुने गरी किर्तेमा मुद्दा चलाएको हो, जबकि अदालतले सीआईबीलाई किर्ते र संगठित अपराधमा अनुसन्धान गर्न अनुमति दिएको थियो । सीआईबीले पनि संगठित अपराधलाई नै प्राथमिकतामा राखेर अनुसन्धान गरेको थियो । संगठित अपराध निवारणसम्बन्धी कानुन २०७० सालमा मात्र आएकाले अपराध भएका बेलाको कानुन अनुसार अभियोजन गरेको सरकारी वकिल कार्यालयको तर्क छ । यही तर्कका कारण बहुचर्चित मुद्दाका अरोपितले धरौटीमा छुटेका हुन् ।

## वैदेशिक...

सञ्जाल इन्स्टाग्रामको टाइमलाइन स्टोरीमा आकर्षक तलब सुविधामा वैदेशिक रोजगारका लागि क्यानडा जान वर्कपर्मिट भिसा पाइने भन्दै नक्कली विज्ञापन पोष्ट गरी ठगी गरेको अभियोगमा प्रहरीले कास्की माछापुच्छ्रेका लक्ष्मण नेपाली र सप्तरी राजविराजका महावीर प्रसाद साहलाई पक्राउ गरेको छ ।

उनीहरूले क्यानडामा क्यासियरको काम लगाइ मासिक ५ हजार ७ सय क्यानडियन डलर तलब हुन्छ भनी पटक-पटक ह्वाट्सएपमार्फत सम्पर्क गरेर विभिन्न व्यक्तिहरुको नाममा बैंक खाता खोली साढे ३४ लाख रुपैयाँभन्दा बढी रकम उठाइ ठगी गरेको प्रहरीले बताएको छ ।

उनीहरूमध्ये केही व्यक्तिहरूलाई वैदेशिक रोजगार ऐन र केहीलाई मुलुकी देवानी संहिता ठगीसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

## कुवतेमा...

मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई ज्ञापनपत्र बुझाएको छ ।

हुम्लाको दक्षिण क्षेत्रको अदाचुली गाउँपालिका वडा नं. ५ बारिगाँउकी अन्दाजी ३२ वर्षीया दर्शना रावतले कुवेतमा कम्पनीले आफूलाई दुःख यातना दिँदै आएको भन्दै उद्धारका लागि सामाजिक सञ्जालमार्फत अपिल गर्दै आएकी छन् ।

रावत सामाजिक सञ्जाल फेसबुकमा लाइभ आउँदै उद्धारको माग गरेपनि सरकारले कुनै चासो नदेखाएको भन्दै ध्यानाकर्षण पत्र बुझाइएको अनेरास्ववियु केन्द्रीय कमिटी सदस्य छक्क बहादुर लामाले बताए ।

विज्ञप्तिमा कामका लागि गएकी रावतले विभिन्न यातना पाएको बताउँदै आएकी र उनलाई जसरी पनि उद्धार गर्न आग्रह गरिएको छ । ध्यानाकर्षण पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले आफूले सम्बन्धित निकायमा पत्र पठाउने बताएका छन् ।

## कोशीमा...

निर्णयमा पुगिसकेका छैनौं र अन्य कुनै पनि विषयमा कुनै पनि दलसँग भद्र सहमति छैन’ शाहीले मध्यान्हसँग भने ।

एमाले नेतृत्व बजेटमै राप्रपाको समर्थनमा आशंकित छ। त्यसकारण कोशी प्रदेशमा आइतबार पुनः बजेट सम्बन्धी अध्यादेश जारी गरिएको छ ।

अध्यादेश जारीसँगै प्रदेशमा भदौ ११ गतेदेखिको बजेट शून्यता अन्त्य भएको छ । प्रदेश प्रमुख पर्शुराम खापुङले संविधानको धारा २०२ बमोजिम मन्त्रिपरिषदको सिफारिसमा प्रदेश आर्थिक अध्यादेश २०८० र प्रदेश विनियोजन अध्यादेश २०८० जारी गरेको बताइएको छ ।

सर्वोच्च अदालतको परमादेशले मुख्यमन्त्री नियुक्त हुनुभएका हिक्मतबहादुर कार्की नेतृत्वको सरकारको मन्त्रिपरिषदको पहिलो बैठकले बजेट सम्बन्धी अर्को अध्यादेश ल्याउन प्रदेश प्रमुख पर्शुराम खापुङ्समक्ष शनिबार सिफारिस गरेको थियो ।

यसअघि कार्की नेतृत्वको सरकारले जेठ ३२ गते चालू आर्थिक वर्षका लागि बजेट सम्बन्धी अध्यादेश ल्याएको थियो । उक्त अध्यादेशको प्रतिस्थापन विधेयक निवर्तमान मुख्यमन्त्री उद्धव थापाले ल्याउन नसकेपछि भदौ ११ गतेदेखि प्रदेश बजेट शून्यतामा गएको थियो । यसअघि ल्याएको बजेटमा कुनै फेरबदल नगरी जस्ताको त्यस्तै ल्याइएको आर्थिक मामिला तथा योजन मन्त्रालयको जिम्मेवारी समेत सम्हालेका मुख्यमन्त्री कार्कीले जानकारी दिए । बजेट फेल हुने त्रासमा एमाले नेतृत्वको सरकारले अध्यादेश ल्याएको हो ।

संसदीय अंकणितमा राप्रपा निर्णायक छ । राप्रपाले एमाले बाहेकलाई समर्थन गरे बहुमत पुग्छ । राप्रपाले समर्थन गर्दा मात्रै एमाले गठबन्धनमा बहुमत पुग्दैन ।

कोशी प्रदेशमा संघीय सत्ता गठबन्धनसँग कांग्रेस २९, माओवादी केन्द्र १३, एकीकृत समाजवादी ४ र जसपा १ गरी ४७ सांसद छन् । जम्मा ९३ सदस्यीय प्रदेश सभामा नेकपा एमाले ४० र राप्रपा ६ गरी ४६ सांसद छन् । एमाले र राप्रपा मिल्दा एक सांसद कम हुन्छ ।

यो संसदीय अंकगणितको खेलमा एमाले नेतृत्वको सरकारलाई समर्थन गरेको राप्रपाले मन्त्री पठाएको छैन । विश्वासको मत नदिए आफ्नै नेतृत्वका सरकार बनाउन वातावरण बनाउने राप्रपाको दाउ छ । नभए मध्यावधिका लागि तयार हुन राप्रपाको सन्देश छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/१२/२८ मा दर्ता भएको **प्रा.लि. नं. ७१८३२** को **ल्याङवेज एण्ड टिचर ट्रेनिङ सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०५/१४ मा दर्ता भएको **प्रा.लि. नं. ११५६३३** को **मेघा एग्रो इण्डष्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**गृह मन्त्रलय**
**नेपाल प्रहरी**
**जिल्ला प्रहरी कार्यालय**
**मन्थली, रामेछाप**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८०/०५/२५ गते**

यस कार्यालयबाट मिति २०८०/०३/०८ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार निम्नानुसारको निर्माण कार्यको सम्बन्धमा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (१) बमोजिम छनौट भएकोले ऐ.ऐनको दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं./कार्य विवरण | निर्माण व्यवसायीको नाम | कबोल अंक (मु.अ.कर र PS Item बाहेक) |
|---|---|---|---|
| १ | DPO/RTRF/2079-80/01 | Bramhayani-Birupakchhya-B.G. JV, Manthali-01, Ramechhap | रू. २,७०,६९,०३५/०५ |

---

# पथरी शनिश्चरे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**पथरी, मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

## (Invitation for Online Bids) बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/२५**

चालु आ.व. २०८०/०८१ मा यस नगरपालिकाको नगर सभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न बमोजिमका योजना बोलपत्र ठेक्का प्रकृयाबाट संचालन गर्नुपर्ने भएकोले इच्छुक निर्माण व्यवसायी/कम्पनीहरुबाट https://www.bolpatra.gov.np/egp मा उल्लेखित सर्तहरुको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र बोलपत्र फारम अनलाइन मार्फत देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र/ठेक्का नं | कामको विवरण | लागत अनुमान (भ्याट र कन्टिन्जेन्सी बाहेक) | बोलपत्र फारम दस्तुर रु | जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| PSMUN/NCB/WORKS/2080/81-01 | Sanischare Bazar Durga Mandir Uttar Bata Jarayotol Hudai Singabahini Ma.Vi. Jane Bato Kalopatre | रु १,०७,९३,३२४.३४/- | ३,०००/- | रु ३,२०,०००/- | २०८०/०६/२४ दिनको १२:०० बजे सम्म मात्र |

१. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलि पल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ । निर्माण सम्बन्धी थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।

२. बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार यस नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

**नोटः माथि उल्लेखित ठेक्का विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० अनुसार https://www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी विड गर्न सकिनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

---

# Kawasoti Municipality
# Office of the Municipal Executive
**Gandaki Province, Nepal**

## Invitation For Bids

**(First Publication Date: 2080/05/25)**

1. Kawasoti Municipality, Nawalparasi(East) invites electronic bids from eligible bidders for the following works.

| S. N | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount (Exclusive of VAT and Contingencies) in NRs | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable) | Deadline of bid purchase/ Bid submission | Date and time of bid opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 3/KM/NCB /WORKS/ 2080/81 | Balkalyan Lokman Milan Chowk Bato Kalopatre | 90/120 days | 43,24,259.40 | 1,25,000.0 | 3,000.00 | 2080/06/24 till 12:00 Noon | 2080/06/24 at 2:00 PM |
| 2 | 4/KM/NCB /WORKS/ 2080/81 | Rajmarga dekhi Daaha saskar jane bato Kalopatre | 90/120 days | 43,22,594.01 | 1,25,000.0 | 3,000.00 | 2080/06/24 till 12:00 Noon | 2080/06/24 at 2:00 PM |
| 3 | 5/KM/NCB /WORKS/ 2080/81 | Ward No 17 Bibhinna Sthaan Maa (Chisapani,Gorashoti,Setaa Pani Ra Y-chowk) Kalopatre | 90/120 days | 1,08,86,532.32 | 3,15,000.0 | 3,000.00 | 2080/06/24 till 12:00 Noon | 2080/06/24 at 2:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kawasoti Municipality, Nawalparasi (East) (Mobile No: 9857641111) during office hours , or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# खानेपानी संस्थानलाई निःशुल्क जग्गा

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २४ भदौ



नेपाल खानेपानी संस्थान कृष्णनगरले आफ्नो सेवा थप विस्तार गर्ने भएको छ । जनतालाई शुद्ध खानेपानी खुवाउने संकल्प लिएका खानेपानी संस्थान कृष्णनगरले थप सेवा विस्तार गर्न दातृ निकायसँग पहल गरेको छ ।

जिल्लाको कृष्णनगर नगरपालिका अवस्थित जामिया सिराजुलवलुम अलसल्फीया भ्रूण्डानगरको कम्पाउण्डमा नयाँ डिपबोर गरी पम्प हाउस बनाउने जनाएको छ । खानेपानी संस्थानले यस पम्प हाउसबाट लक्ष्मीनगर, रमवापुर, पटना, रुपगञ्ज लगायत गाउँका जनतालाई शुद्ध खानेपानी वितरण गरिने बताइएको छ ।

खानेपानी वितरणका लागि जामिया सिराजुलवलुम अलसल्फीया भ्रूण्डानगरले निःशुल्क रुपमा जग्गा उपलब्ध गराउने भएको छ ।

नयाँ डिपबोर तथा पम्प हाउस निर्माणका लागि आवश्यक पर्ने जग्गा जामिया सिराजुलवलुम अलसल्फीया भ्रूण्डानगरले निःशुल्क उपलब्ध गराउने सहमति भएको खानेपानी संस्थान कृष्णनगरका प्रमुख रमेश मग्रातीले बताए । शुद्ध खानेपानी घर-घरमा पुर्‍याउनका लागि संस्थान कृष्णनगरलाई सहयोग मदसराले सहयोग गरेको बताउँदै भ्रूण्डानगरलाई निःशुल्क खानेपानी उपलब्ध गराउने संस्थानका प्रमुख मग्रातीले प्रतिबद्धता समेत व्यक्त गरे ।

आफ्नो नाममा दर्ता रहेको जग्गा नेपाल खानेपानी संस्थान कृष्णनगरलाई निःशुल्क पम्प हाउस बनाउनको लागि उपलब्ध गराउने जामिया सिराजुलवलुम अलसल्फीया भ्रूण्डानगरका प्रवक्ता मौलाना मशहुद खाँ नेपालीले बताएं । नेपाल खानेपानी संस्थान कृष्णनगरले ल्याएको योजनालाई सञ्चालन गरि यो क्षेत्रका जनतालाई शुद्ध खानेपानी उपलब्ध गराउन सदैव तयार रहेको प्रवक्ता खाँ नेपालीले बताएं ।

जामिया सिराजुलवलुम अलसल्फीया भ्रूण्डानगरका उपाध्यक्ष डा.मंजुर खां, नेकपा माओवादी केन्द्रका कृष्णनगर समिति अध्यक्ष जावेद आलम खाँ, इन्जिनियर सइद अख्तर खँ, मास्टर अब्दुल रहिम, अब्दुल हसीव लगायतले संस्थान प्रमुख मग्रातीलाई दोसल्ला ओढ़ाएर सम्मानसमेत गरेका थिए ।

# 'मितेरी गंगादेवी शान्ति पुरस्कार' घोषणा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ भदौ



यस वर्षको 'मितेरी गंगादेवी शान्ति पुरस्कार' तीन जनालाई प्रदान गरिने भएको छ । एक्सन वर्क्स नेपालको मुख्य कार्यालयमा आइतबार बसेको छनौट समितिको बैठकले कालिकोटका हिक्मत बहादुर मल्ल, बझाङकी गंगुदेवी खडायत र काठमाडौं घर भइ हाल जुम्लामा कार्यरत डा.सुवी बस्न्यातलाई पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो ।

कालिकोटका मल्ल वि.स २०७५ सालदेखि जिल्लामा भइरहने सामाजिक गतिविधिमा संलग्न हुँदै आएका छन् । बझाङकी खडायत जिल्लामा पहिलो पटक हलो जोत्नुका साथै महिलाहरुको हकहितका काम गर्दै आएकी छन् । यस्तै डा.बस्न्यात कर्णालीमा बसेर स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान दिँदै आएकी छन् ।

पुरस्कार छनौट समितिकी संयोजक सम्झना पौडेलले पुरस्कार अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा आगामी असोज ४ गते प्रदान गरिने बताइन् ।

एक्सन वर्क्स नेपालका संस्थापक अध्यक्ष राधा पौडेलको पुस्तक 'खलंगामा हमला' ले २०७० सालमा मदन पुरस्कार पाएको थियो । उक्त पुरस्कार राशीमा एक्सन वर्क्स नेपालले एक लाख रुपैयाँ थपेर पौडेलको आमा गंगामाया र बुबा देवी पौडेलको सम्झनामा पुरस्कार कोष स्थापना गरेको हो । सोही रकमबाट प्राप्त हुने ब्याजबाट प्रत्येक वर्ष स्थानीय स्तरमा शान्ति स्थापनाका लागि योगदान पुर्‍याउने व्यक्तिलाई पुरस्कार प्रदान गर्दै आएको छ ।

गत वर्ष उक्त पुरस्कार कालिकोटका काली बहादुर शाही, जुम्लाकी गाँडे नेपाली र जुम्लाकै मिनराज शर्माले पाएका थिए भने यस अघि अछामकी मथुरा कुँवर, जुम्लाका सरोज शाही, जुम्लाका चैते गिरी, पर्साका अकवाल अन्सारी, लमजुङका पदमावती लिम्बु, सिन्धुपाल्चोकका सीताराम श्रेष्ठ, जुम्लाका देवीकन्या आचार्य, मुगुका चित्रबहादुर मल्ल, बैतडीका कालु चन्द र बाराका सुगन्धी पासवासनले पाएका थिए ।


## साउदीमा रोजगार

कम्पनी: Al Bandari Mohammed Bin Salem Al Marry to Provide Meals Est,
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०८०/०५/२४ | चलानी नं.: ६०२०७५०५ | LT. No.: 292335

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | server | 3 | 0 | | 1200 | ४२,३६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज १ गते (18 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्नेख | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत नं. ११७/०५५/०५६

**ईमास्को नेपाल प्रा. लि.**
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४३६२७०८, ४३५७७०८
फ्याक्स नं.: ४३५७७०८, Mob.: 984319890, 9803140917


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन चरिकोट

## ठेक्काको म्याद थप सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति २०८०/०५/२५**

यस कार्यालयको मिति २०८०/०४/२८ को मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०२-०८०/८१ अन्तर्गत ठेक्का नं RDCHT/33701169-4/080/81-09 को विशेष कारणवश बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८०/०६/०८ गते दिनको १२:०० बजे र बोलपत्र खुल्ने मिति सोहि दिनको १३:०० बजे कायम गरिएको व्यहोरा सम्पूर्ण बोलपत्र दाताको जानकारीको लागी जारी गरिएको छ ।

**डिभिजन प्रमुख**

## NEPAL RED CROSS SOCIETY

## SEALED TENDER NOTICE

**First Publication Date: 8 September, 2023**

The Nepal Red Cross Society invites sealed quotations from manufacturers/reputed firms/suppliers for the supply of Different types of Stationeries item, Cap, Red Cross Flag and Red Cross Badge.

Sealed Quotation document containing request for quotation, instruction to bidders, detailed specifications of each items and the terms & conditions etc. Can be purchased from Nepal Red Cross Society, National Hqs, Red Cross Marga, Kalimati, Kathmandu during office hours from 8 September, 2023 to 22 September, 2023 on written request with relevant documents (copy of Firm registration, VAT, Tax clearance) and against payment of non – refundable tender fee of Rs. 2000/-.

Tender in sealed cover and the earnest money and each of the samples necessary will be received at the above address on or before or during working days between 10.00 hrs. to 13.00 up to 24 September, 2023. The tender received will be opened at 14:00 P.M. on 24 September, 2023 at NRCS, Nhqs, Kalimati, and Kathmandu.

The bidder(s) must deposit 2.5 % including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17 0002089 33 of Nepal Red Cross Society at Standard Chartered Bank Ltd. Kathmandu or Bank Demand Draft payable in favor of the said account at the submission of bids or Bank guarantee with validity of 3 months (90) days. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the agreement.

After the bid opening only sample qualified firms will be selected for final selection process.

The Nepal Red Cross Society reserves the right to increase or decrease the quantity or drop any item and also to accept or reject part or whole tender or any or all the tenders without assigning any reason whatsoever and not bound to accept the lowest bid.

**Nepal Red Cross Society**
National Head Quarters
Red Cross Marga, Kalimati,
Kathmandu - Nepal
Phone: 5384812

## Rapti Rural Municipality
## Office of the Rural Municipal Executive
**Masuriya, Dang**
**Lumbini Province, Nepal**

## Invitation for Bids

**IFB No. : RRM/DANG/01/2080/081**
**Date of publication: September-11, 2023**

1. **Rapti Rural Municipality, Masuriya, Dang** invites electronic bids from eligible bidders as per details given below under National Competitive Bidding (NCB)

**A) Single Stage Two Envelope Bidding procedure.**

| S. N. | Name of Project | Contract No. | Cost of Bid Document | Average annual construction Turnover | Specific Construction Experiance | Bid Security Amount | Bid Security Validity Period up to |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction of ward no.3 Administrative office Building | RRM/NCB/BLDG/W/01/2080/081 | NRs. 5,000 | 23.7 Million | As Specified in Bid Document | 0.67 million | 07th -Feb, 2024 |
| 2 | Rapti Ring Road (Khururiya to Goindra Khola Section) and Kathaha Bich Galli Sadak Nirman | RRM/NCB/ROAD/W/02/2080/081 | NRs. 5,000 | 30.4 Million | As Specified in Bid Document | 0.575 million | 07th -Feb, 2024 |

**B) Single Stage Single Envelope Bidding Procedure.**

| S. N. | Name of Project | Contract No. | Cost of Bid Document | Estimate Cost (With VAT & PS) NRs. | Bid Security Amount NRs | Bid Security Validity Period up to |
|---|---|---|---|---|---|---|
| 1 | Patthargadhwa Bhagwanpur Passchim Majheriya dekhi Lamahi na.pa. Simana Samma Sadak Nirman. | RRM/NCB/ROAD/W/03/2080/081 | NRs. 3,000 | 10,585,842.51 | 2,60,000.00 | 07th -Feb, 2024 |

2. Eligible Bidders who wish to submit bids should deposit the cost of bidding document till **October 10, 2023 at 17:00 Hrs.** In the account as specified below. Name of Account: Rapti Rural Municipality, Dang, Account No.: **34004010000008,** Name of the Bank: Global IME Bank Limited, Branch : Bhalubang, Dang
3. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12.00 hours** on **October 11, 2023 and will** be opened at **14.00 hours on October 11, 2023** at the office of Rapti Rural Municipality, Dang.
4. Bidders may obtain further information from the **Rapti Rural Municipality, Masuriya, and Dang** or may visit PPMO website: **www.bolpatra.gov.np/egp** under the name of Public Entity **"Rapti Rural Municipality, Dang".**
5. Bidders may deposit Bid security amount if in cash on Deposit Account Number: **34004010000004 at** Global IME Bank Limited, Branch: Bhalubang, Dang in the name of Rapti Rural Municipality, Dang.

**Chief Administrative Officer**


## Europe को Romania तथा Bahrain मा बैदेशिक रोजगार

### 1. Business Expert Premium Concept Srl, Romania

पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०८०/०१/१४ | चलानी नं. ६०२००७५८ | LT.No. 285356

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Delivery Boys | 80 | 00 | काममा दक्ष | 550 | ७८,१२८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | General Worker | 20 | 00 | | 550 | ७८,१२८।- | | | | | | | |

अन्तरवार्ता २०८० असोज २ गते (19 Sept., 2023) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

### 2. Al Rayah for Safety Items WLL, Bahrain

पुनः विज्ञापन । पूर्व स्वीकृत मितिः २०७९/०४/०९ | चलानी नं.: ६०१८३८५९ | LT No.: 267968

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Special Security Guard | 10 | 05 | काममा दक्ष | 200 | ७०,५१३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | CCTV Operator | 05 | 00 | | 150 | ५२,८८५।- | | | | | | | |
| ३. | Security Guard | 60 | 05 | | 120 | ४२,३०८।- | | | | | | | |
| ४. | Driver | 05 | 00 | | 150 | ५२,८८५।- | | | | | | | |

Security Guard को हकमा उमेर : 21 देखि 40 बर्ष, उचाई : 5.6 भन्दा माथि, SLC पासका साथै, अंग्रेजी बोल्न, लेख्न, पढ्न सक्ने र x- Army/Police हरुलाई विशेष प्राथमिकता दिईनेछ ।

अन्तरवार्ता २०८० असोज ७ र ८ गते (24 & 25 Sept., 2023) यस प्रा. लि. कार्यालय बसुन्धारामा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Gov. Lic. No.: 984/067/068

**SAB International Human Resource Pvt. Ltd.**
Baluwakhani Road, Basundhara (Behind Mother House), Kathmandu
Tel: 01- 4016509, 4016503, 9818258132, 9816138559, 9818354280

## SAUDI मा रोजगार

कम्पनी : MUHAMMAD ZAID BIN ABDUL RAHMAN AL MUADDI FOR MEALS
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०५/०१ | चलानी नं.: ६०२०६३५० | LT. No.: 291132 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Food And Beverage Counter Worker | 1 | 0 | | 1700 | ६०,०१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १ गते (18 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No.: 703/064/65

**Bright Star Human Resources PVT. LTD.**
Basundhara, Kathmandu, Nepal, Tel.: 01- 5910659
Email: brightstarhrnp@gmail.com/ Cv.brightstar@Gmail.com
Website: brightstarshr.com | Mobile: 9851044323 | 9846035174 | 9851055165 | 9818002688 | 9861605199 | 9841076393





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२५ भदौ २०८०, सोमबार
11 September 2023, Monday

## सम्पादकीय

# आशंकालाई मलजल


लामो संक्रमण अन्त्य गरेर २०७२ मा संविधान जारी भएपछि मुलुक  सामान्यकालतर्फ अगाडि बढ्ने आमअपेक्षा थियो । संविधानले परिकल्पना गरेको तीन तहमा भएको चुनाव २०७४ को नतिजाले पनि धेरै हदसम्म मुलुक सामान्यकालतर्फ बढ्ने विश्वास बढाएको थियो । किनकि राजनीतिक अस्थीरता नै मुलुकको मुख्य समस्या बनिरहेको थियो । राजनीतिक अस्थिरताकै कारण सुशासन र समृद्धिको मार्गमा मुलुक अगाडि बढ्न नसकेको निष्कर्ष आमरूपमा स्थापित थियो । तर २०७४ को चुनावले मुलुक स्थीरताको जाने बलियो आधार तयार पारिदिएको थियो । नेकपा एमाले र माओवादी केन्द्रले गठबन्धन गर्दा संघसहित सातै प्रदेशमा पाँच वर्ष सरकार चल्ने बहुमत प्राप्त थियो । तर आमचाहना बिपरीत एमाले र माओवादीबीचको एकता जोगिन सकेन ।

सत्ताको खिचातानीमा नेकपा विभाजन भएर फेरि एमाले र माओवादी पुनर्स्थापना भयो, तर नयाँ संस्करणसहित । किनकि पुनर्स्थापित एमाले र माओवादी सग्लो रहन सकेन । माओवादीका कतिपय नेता एमालेतिर लागे भने एमाले विभाजन भएर एकीकृत समाजवादी बन्यो । दुईदुई पटक प्रतिनिधिसभा विघटनको निर्णय तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेपछि सत्ताको नेतृत्वमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नै पुग्ने अवस्था बन्यो । देउवालाई प्रधानमन्त्री बनाउने प्रयोजनले बनेको पाँच दलीय गठबन्धनविरूद्ध एमाले र नयाँ दलहरूले २०७९ को चुनावमा प्रतिस्पर्धा गरे । नतिजा कसैको पनि पक्षमा आएन । कुनैपनि दलले बहुमत नपाएपछि आमचुनाव सकिएको एक वर्ष नपुग्दै मुलुक फेरि अर्को राजनीतिक अस्थिरतातिर जाने संभावना बढेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै अभिव्यक्तिले पनि राजनीतिक स्थीरताकै आशंका बढाएको छ । आइतबार मात्रै पनि प्रधानमन्त्री प्रचण्डले फेरि कम्युनिष्टहरू मिल्नुपर्ने बताए । जबकी आमचुनाव २०७९ लगत्तै एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले लगत्तै कांग्रेसमै फर्कने निर्णय लिएका थिए । अर्थात् प्रधानमन्त्री बनेको एक वर्ष नपुग्दै प्रधानमन्त्रीले संसदमा रहेका एक सिट रहेको नेमकिपा बाहेक सबै दलको समर्थन लिइसकेका छन् । अर्कातिर आफ्नै दल बाहेक संसदका सबैजसो दल विपक्षी समेत बनेको छ । यस्तो अवस्थामा कांग्रेस नेताहरूलाई सशंकित बनाउनेगरी सार्वजनिक अभिव्यक्ति दिएका छन्, त्यो पनि कांग्रेस बाहेकका समाजवादी मोर्चाको कार्यक्रममार्फत् । यस्तो अभिव्यक्तिको परिणाम फेरि पनि मुलुकलाई अर्को अस्थीरतामा लैजाने नै हुन्छ । अतः प्रधानमन्त्री प्रचण्डले बिगतको राजनीतिक पृष्ठभूमि, राजनीतिक दुर्घटना र आमनागरिकको बदलिदो मनोविज्ञान बुझेर मात्रै अभिव्यक्ति दिन जरूरी छ । किनकि अहिले मुलुकका सामुन्ने देखिएको समस्या हल गर्न सक्ने स्थीर सरकार खाँचो परेको छ ।

# विकासमा सामाजिक परिचालन

अग्रलेख



● गम्भीरबहादुर हाडा


विकास शब्द अत्यन्त मूल्यवान र सम्भवत: निकै नै प्रभावकारी अवधारणा हो । यो एउटा सकारात्मक संरचनागत परिवर्तित स्वरूप हो । एउटा परिवर्तन र निरन्तर चलिरहने नयाँ अवस्थाको स्थापना र सुरुवात हो । अतः मानव समुदायको जीवन पद्धतिको स्वनिर्भर सकारात्मक र स्वपरिचालित अवस्था नै विकास हो । जसमा मानवीय र सामाजिक पक्ष पूर्णरूपमा समेटिएको हुन्छ । विकासलाई बहुपक्षीय प्रक्रियाको रूपमा लिँदै संरचनात्मक परिवर्तन र दृष्टिकोणमा संस्थागत परिवर्तनलाई बहुपक्षीय प्रक्रियाको रूपमा लिइएको छ । निरपेक्ष गरिबीको निवारण र असमानता हटाउने सवालमा आर्थिक वृद्धिलाई सकारात्मक विश्लेषणबाट माथि उठी सामाजिक पुँजीको महत्वलाई जोड दिँदै समानतातर्फ केन्द्रित गरेको पाइन्छ ।

आर्थिक वृद्धि दीर्घकालीन प्रक्रिया हो । प्रति वर्ष राष्ट्रको कुल उत्पादन क्षमतामा भएको वृद्धि र त्यसको उपयोगबाट राष्ट्रिय उत्पादनको आयतनमा भएको वृद्धिलाई आर्थिक वृद्धि भनिन्छ । बढ्दो जनसंख्याको माग पूरा गर्न तथा उपभोग बढाएर समाजको जीवनस्तर उकास्नको लागि प्रति वर्ष विभिन्न किसिमका वस्तु र सेवाहरूको उत्पादन बढाउनु पर्ने हुन्छ । तर, त्यसैअनुरूप उत्पादन क्षमता नबढेसम्म उत्पादन बढाउन सकिन्न । फलस्वरूप आर्थिक वृद्धि दिगो हुन सक्दैन । त्यसैले अर्थतन्त्रको उत्पादन क्षमतामा निरन्तर वृद्धि गरी कूल उत्पादन क्षमतामा निरन्तर वृद्धि गराउने प्रक्रिया नै आर्थिक वृद्धिको प्रक्रिया हो । आर्थिक कल्याणको मापदण्डले उपभोगलाई जोड दिएको छ । उपभोगमा वृद्धि नभइकन जनताको जीवनस्तरमा सुधार हुन सक्दैन । आर्थिक कल्याणको आधारमा आर्थिक विकास मापन गर्दा आर्थिक विकासले प्रतिव्यक्ति आय वृद्धि हुनुका साथसाथै आयको असमान वितरण घट्न गई समस्त जनसाधारणहरूको सन्तुष्टि अधिकतम बढ्दै गइरहेको अवस्थालाई दर्शाइएको हुन्छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, १९९३ को प्रतिवेदनले सामाजिक सहभागिताको प्रवर्द्धन गर्ने रणनीति निर्माण गर्दा निम्न कुरालाई जोड दिइएको पाइन्छ । मानवीय विकास कार्यक्रममा सरकारी लगानी बढाउने, बजार संयन्त्रलाई अवरोधरहित बनाउने, प्रजातान्त्रिक शासन पद्धतिलाई सुदृढ बनाउने, गैरसरकारी संस्था, स्वतन्त्र प्रेस, जनताका संघसंगठनहरु तथा नागरिक समाजका अवयवहरुलाई मजबुत बनाउने ।

समाजमा सामाजिक सहभागिताबाट हुने मुख्य-मुख्य फाइदाहरुमा व्यक्ति र समुदाय संगठित हुने र पारस्परिक सहयोग आदान-प्रदान गर्ने, क्षमता अभिबृद्धि, सानातिना कार्यमा पनि सरकारी मुख ताक्नुपर्ने बाध्यताको अन्त्य, प्रयोग नभएका स्रोत, साधन र मानवीय सामर्थ्य तथा सिर्जनशील शक्तिको परिचालन, परनिर्भरताको अन्त्य, स्वाभिमानी तथा आत्मनिर्भर समाजको विकासमा टेवा पुर्‍याउँछ । सामूहिक निर्णय गर्ने प्रवृत्तिको विकास मानिसहरुको बीचमा आपसी सद्भाव, समझदारी, विश्वास तथा समन्वयमा विकास, विकास आयोजनाको लागतमा कटौती, विकास आयोजना/सरकारी कार्यालय तथा सार्वजनिक स्थललाई आफ्नै स्वामित्वको हो भन्ने कुराको प्रचारप्रसार पनि हुन पुग्दछ । साथै, साधन र स्रोतको दुरूपयोगमा विश्वास, सरकारी कार्यबोझमा कमी, निर्धारित लक्ष्य हासिल गर्न प्रेरित, अख्तियार दुरूपयोग र भ्रष्टाचारमा कमी जनचेतना, विकास मानवीय सीप र ज्ञानको विस्तार उपयुक्त प्रवृत्तिको खोज तथा अनुसन्धान उपयुक्त योजनाहरुको चयन र तर्जुमा लोकतान्त्रिक पद्धतिको विकास आदि जस्ता फाइदाहरु प्राप्त हुन आउँछ ।

वर्तमान सामाजिक, आर्थिक, राजनीतिक परिपाटी गरिबीको कटौती गर्न पूर्णरूपमा सहयोगी रहेका छैनन् । गरीबहरू साधारणतयाः कमजोर, विभाजित, असंगठित, असमान व्यवहार गरिएका, राजनीतिक एवम् सामाजिक आवाज बिनाका हुन्छन्, जसले तिनीहरूलाई मनोवैज्ञानिक परनिर्भरता, सहयोगबिहीन अवस्थामा पुर्‍याउँछन् । गरीबहरूले आफ्नो अवस्था बुझ्न सकेमा, वर्तमान बाधाहरूलाई हटाउने, सुधारका सम्भावनाहरूलाई बुझ्न सकेमा वर्तमान समयमा रहेका कमजोरीहरूमाथि विजय प्राप्त गर्न सकिन्छ । जसका लागि गरीबहरू अनौपचारिक प्रकृयात्मक, स्वावलम्बन समूहमा संगठित हुनुपर्दछ र अन्य उपयुक्त



> *समाजका सबैखाले वर्ग, जाति, लिङ्ग, समुदायको जीवनमा सकारात्मक तथा गुणात्मक परिवर्तन ल्याउनका लागि प्रष्ट लक्ष्य निर्धारण गरी नीति निर्माण, नेतृत्व निर्माण जस्ता लक्ष्यमा सबै एकजुट हुन आवश्यक हुन्छ । तल्लो तहका वर्ग तथा समुदायलाई नसमेटी विकास हुन सक्दैन । विकास भएमा पनि त्यस्तो विकासले दीगो रुप लिँदैन ।*

माध्यम एवम् सहयोगीहरू पनि तिनीहरूको स्रोतलाई सकारात्मक विकासमा परिचालन गराउन र स्वविकास एवम् सशक्तिकरण गराउन थप बल प्रदान गर्नुपर्दछ ।

सामाजिक परिचालन भनेको समाजका सबैखाले (महिला, पुरुष, दलित, जनजाति, अपाङ्ग आदि)को जीवनमा सकारात्मक तथा गुणात्मक परिवर्तन ल्याउनका लागि प्रष्ट लक्ष्य निर्धारण गरी पीडित जनसमूह वा समुदायको अगुवाइमा स्थानीयदेखि राष्ट्रिय तहसम्मका नीति निर्माता, नेतृत्व वर्ग आदि जस्ता सबैखाले मानिसलाई ध्यानाकर्षण गर्ने, संलग्न गर्ने र उक्त लक्ष्य प्राप्तिमा परिचालन गर्ने योजनाबद्ध प्रक्रियालाई सामाजिक परिचालन भनिन्छ । यसरी परिभाषाका आधारमा सामाजिक परिचालन भनेको खास गरेर समाजका बञ्चितीकरणमा परेका समूह, समुदायको सशक्तिकरण र क्षमता विकास गर्दै विकास प्रक्रियाका हरेक चरणमा आफ्नो सहभागिता देखाउन सक्ने, विकासको प्रतिफलको समानुपातिक उपभोग गर्न सक्ने र आफ्नो जीवनमा प्रतिकूल असर पार्ने हरेक क्रियाकलापमा अर्को निर्णय गर्न सक्ने बनाउने प्रक्रिया हो भन्ने बुझिन्छ । समुदाय परिचालनले निश्चित भौगोलिक तथा राजनीतिक, सांस्कृतिक सीमाभित्रका मानिसको परिचालन र सामाजिक परिचालनले व्यापक, बृहत, फराकिलो जटिल क्षेत्रमा मानिसहरु परिचालन गराउनेलाई बुझाउँछ । सामाजिक परिचालन गर्दा खासगरी संगठन निर्माण तथा प्रवर्द्धन शिक्षा, तालिम तथा सीप विकास, आयको सिर्जना समुदायको गुणात्मक विकास, चेतनामूलक कार्यक्रम आदिलाई प्रमुख स्थानमा राखेको हुन्छ ।

वर्तमान समाजमा राजनीतिक दल, कर्मचारी संयन्त्र, गैरसरकारी परियोजनाहरु, नीजि उद्यमी र उद्योगपतिहरु, सामाजिक संस्थाहरु, सामाजिक संस्कृतिकर्मी, पण्डित, पुरोहित आदिले समूहगत संरचनाको माध्यमबाट सामाजिक परिचालन गरिरहेका छन् । तर सामाजिक परिचालन अपेक्षाकृतरूपमा प्रभावकारी हुन नसकेको गुनासो सुन्न सकिन्छ । सामाजिक विविधता संस्थागत एकरूपताः भिन्न समुदायमा विचार, विधि प्रयोग गर्न सक्ने शक्ति फरक छ । उद्देश्यगत अनिश्चितता तथा व्यवस्थापकीय निश्चितता रहनु, उद्देश्य चाहनाहरु अन्ततः छन् तर, निश्चित समूह, समय, स्रोत, सोच, विधिबाट सञ्चालन गरिने परियोजना प्रणालीले ती चाहनालाई चित्त बुझाउन सकेका छैनन् । चालक पछाडि सहचालक अगाडि, सशक्तिकरण र समावेशिताको सिद्धान्तको नाममा आफूले परिचालन गर्नुपर्ने समाज नै राम्ररी नबुझेका व्यक्तिहरुलाई परिचालक बनाउने क्रम बढ्दो देखिन्छ । जसको स्रोत उसैको सोच भन्ने उक्ति हाबी देखिन्छ । आत्मनिर्भरताको कुरा परनिर्भरतामा पूराः परियोजनाहरु सधैँ परनिर्भरताका छहारीमा बसेर आत्मनिर्भरता र दिगोपनाको कुरा गरिरहेका छन् ।

